# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ८) सैनामैना नगरपालिका, २०८१/१०/२० साल (संख्या ५**


**भाग–२**

**सैनामैना नगरपालिका, रूपन्देही**

## कार्यविधिको नाम: सैनामैना नगरपालिका तिनपांग्रे सवारी साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१

<u>प्रस्तावना:</u>

सैनामैना नगरपालिकामा सञ्चालन हुने तिनपांग्रे सवारीका साधनहरुलाई व्यवस्थापन गरी नगरको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११

को उपदफा २ (ट) को खण्ड ४ को अधिकार कार्यान्वयन गर्न र सोही ऐनको दफा ११ को उपदफा ४ बमोजिम संघ तथा प्रदेश कानून बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाललाई सोही दफाको उपदफा ४ (ट) बमोजिमको व्यवस्था कार्यान्वयन गरी नगर क्षेत्रमा चल्ने तिनपांग्रे सवारीका साधनको दर्ता, अनुमति, नगर क्षेत्रलाई आवश्यक संख्याको निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नविकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रवर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदा यो कार्यविधि बनाई लागु गरिने छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "तिनपांग्रे सवारीका साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१" हुनेछ ।

(२) प्रारम्भ : यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यविधि"** भन्नाले सैनामैना नगरपालिकाको तिनपाग्रे सवारीका साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनुपर्नेछ ।

(ख) **"तिनपांग्रे सवारीका साधन"** भन्नाले विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट रिचार्ज हुने सवारीका साधन ( जसलाई ई-रिक्शा भनिने) तथा पेट्रोलियम पदार्थबाट

चल्ने साना ईन्जिनयुक्त सवारीका साधन टेम्पु(अटो रिक्शा)लाई सम्झनुपर्नेछ ।

(ग) **“संचालन अनुमति”** भन्नाले सैनामैना नगरपालिकाले रुट वा क्षेत्र निर्धारण गरी नगर क्षेत्रभित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका तिनपांग्रे सवारीका साधनको संचालन अनुमतिलाई सम्झनुपर्नेछ ।

(घ) **“रुट”** भन्नाले तिनपांग्रे सवारीका साधन सञ्चालनका लागि सैनामैना नगर क्षेत्रभित्र निश्चित क्षेत्र तोकी सञ्चालन तथा रुट अनुमति पत्रमा उल्लेखित रुटलाई सम्झनुपर्नेछ ।

(ङ) **“व्यवस्थापन समिति”** भन्नाले यसै कार्यविधिको दफा १२ बमोजिम गठित व्यवस्थापन समितिलाई सम्झनुपर्नेछ ।

(च) **“स्वरोजगार”** भन्नाले आफ्नो वा एकाघर परिवारको नाउँमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैंले सवारी चलाएको व्यक्तिलाई सम्झनुपर्नेछ ।

(छ) **“कम्पनी”** भन्नाले तिन पांग्रे सवारी साधन सञ्चालन, नियमन लगायतका उद्देश्य राखि कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका कम्पनीलाई सम्झनुपर्नेछ ।

(ज) **“नगर कार्यपालिका”** भन्नाले सैनामैना नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्नेछ ।

(झ) **“कार्यालय**” भन्नाले सैनामैना नगरकार्यपालिका कार्यालयलाई सम्झनुपर्नेछ ।

(ञ) **"नगर क्षेत्र"** भन्नाले सैनामैना नगरपालिकाको चौकिल्ला सीमाना भित्रको क्षेत्रलाई सम्झनुपर्नेछ ।

(ट) **"प्रमुख"** भन्नाले सैनामैना नगरपालिकाको प्रमुखलाई सम्झनुपर्नेछ ।

(ठ) **"उप-प्रमुख"** भन्नाले सैनामैना नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्नेछ ।

(ड) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्नेछ ।

## परिच्छेद-२

## सूचीकृत सम्बन्धी व्यवस्था

**३. संचालन अनुमति लिनुपर्ने** (१) सैनामैना नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने तिनपांग्रे सवारीका साधन प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायमा दर्ता गरी सैनामैना नगरपालिकामा सूचीकृत गरि संचालन अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्रभित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइनेछैन ।

**४. अन्यत्र सूचीकृत भएका सवारी साधन सञ्चालनमा रोक लगाइने:** (१) सैनामैना नगर क्षेत्रभित्र सञ्चालन गर्न पाउने गरि यस नगरपालिकामा सूचीकृत भई सञ्चालन तथा रुट अनुमति लिए बाहेकका अन्य तिनपांग्रे सवारी साधनहरुसञ्चालनमा पूर्णत बन्देज गरिनेछ ।

(२) यस कार्यविधिमा अर्को व्यवस्था नहुञ्जेल हाललाई यस नगरपालिकासंग सिमाना जोडिएका छिमेकी पालिकामा सूचीकृत भई सञ्चालनमा रहेका तिनपांग्रे सवारी साधनहरुले औषधि उपचार गराई फर्केका बिरामीहरु लिएर आएको अवस्था बाहेक सिमा क्षेत्रबाट बढीमा १ कि.मि. भन्दा बढी क्षेत्रमा सवारी ल्याउन

पाईनेछैन । फर्कदा बिरामी बाहेकका अन्य यात्रु लिएर फर्कन पाईनेछैन ।

५. **सैनामैना नगरपालिकामा दर्ता भएका सवारी साधन अन्यत्र सञ्चालन गर्न नपाईने:** यस नगरपालिकामा सूचीकृत भई सञ्चालन अनुमति लिएका तिनपांग्रे सवारी साधनले अन्यत्र पालिकामा जानु पर्ने भएमा यसरी अन्य पालिकामा जाँदा सम्वन्धीत पालिकाले बनाएको नियम पालना गर्नुपर्ने छ ।

६. **सूचीकृत सम्बन्धि व्यवस्था** :(१) पहिलो चरणमा हाल सैनामैना नगरक्षेत्रमा सञ्चालनमा रही तोकिएको मापदण्ड पुरा गरेका तिनपांग्रे सवारीका धनीले मात्र यस नगरपालिकामा सूचीकृत भई तथा सञ्चालन तथा रुट अनुमतिलिनका लागि अनुसूची - २ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछन् । यसरी पहिलो चरणको सूची दर्ता प्रकृयाको लागि पेश हुन आएका निवेदनको छानबिन गरी छनौट भएका निवेदकले तोकिएको अवधिभित्र तोकिएको राजस्व दाखिला गरि आफ्नो साधनको सूची दर्ता गर्नुपर्नेछ ।

(२) कार्यालयले उपदफा (१) बमोजिम सूचीकृत हुने साधनको लगत अभिलेख खडा गरी रुट अनुमति तथा सवारी साधन नंम्बर उपलब्ध गराउनेछ ।

(३) यस कार्यविधि बमोजिम सूचीकृत भएका साधनले वार्षिक रुपमा तोकिएको सवारी साधन कर बुझाउन पर्नेछ । साथै वार्षिक रुपमा सञ्चालन अनुमतिको नवीकरण समेत गर्नुपर्नेछ ।

(४) सूची दर्ता तथा रुट अनुमति दस्तूर, अनुमति नवीकरण दस्तूरर वार्षिक सवारी साधन कर सैनामैना नगरपालिकाको सम्बन्धित आर्थिक वर्षको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) पहिलो चरणमा यस नगरपालिका क्षेत्रमा हाल सञ्चालनमा रहेका र यस कार्यविधि बमोजिम योग्यता पुगेका तिनपांग्रे सवारी साधन सूचीकृत गरी सञ्चालन अनुमति दिईनेछ । नगरपालिकाले आवश्यक ठानेमा आवश्यकता अनुसार थप

साधनको लागि अर्को चरणको सूची दर्ता प्रकृयाको थालनी गरिनेछ ।

(६) यस कार्यालयले दिएको सवारी साधनको नम्बर कालो प्लेटमा सेतो अक्षरले स्पष्ट देखिने गरी लेखाउनु पर्ने छ ।

७. **सूचना गर्नुपर्ने :** (१) यस कार्यविधि बमोजिम सूचीकृत तथा संचालन अनुमतिका लागि कार्यालयले अनुसूची १ बमोजिमको ढाँचामा कम्तीमा २१ दिने सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ । त्यसरी सूचना प्रकाशित गर्दा देहाय बमोजिमको प्राथमिकताको क्रम समेत तोकी सूचना प्रकाशित गर्नुपर्नेछ ।

(क) सैनामैना नगरक्षेत्रमा स्थायी बसोबास रहेका स्वरोजगार एकल महिला, दलित तथा अपाङ्गता प्रमाणपत्र लिएका) भएका व्यक्तिहरु,

(ख) सैनामैना नगरक्षेत्रमा स्थायी बसोबास रहेकाअन्य स्वरोजगारहरु,

(ग) रुपन्देही जिल्लामा स्थायी बसोबास रहेका स्वरोजगारहरु,

(घ) लुम्बिनी प्रदेशमा स्थायी बसोबास रहेका स्वरोजगारहरु,

(ङ) स्वरोजगार नेपाली नागरिकहरु ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र सवारी साधन सूचीकृत गर्दा यस कार्यविधिमा अन्यत्र तोकिएका अन्य कुराका अलावा उपदफा (१) बमोजिमको प्राथमिकता क्रमको आधारमा गर्नुपर्नेछ ।

८. **निवेदन दिनुपर्नेः** (१) दफा ६ बमोजिम सूचीकृतभई सञ्चालन तथा रुट अनुमतिलिनका लागि सम्बन्धित सवारीधनीले देहाय बमोजिमका विवरण खुलाई सुचीकृत हुनका लागि निवेदन दिनुपर्नेछ ।

क) सवारी धनीको नाम थर ठेगाना,

ख) नागरिकता नं. र जारी भएको जिल्ला,

ग) सवारी साधन खरिद गरेको मिति,

घ) सवारी साधनको चेसिस नम्बर,

ङ) सञ्चालन गर्न चाहेको रुट ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ देहायको कागजप्रमाण संलग्न गर्नुपर्नेछ ।

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख) स्थायी बासिन्दा प्रमाणित हुने कागजात,

ग) अपाङ्गता भएका व्यक्तिको हकमा परिचयपत्रको प्रतिलिपि,

घ) सवारी चालक अनुमति पत्रको प्रतिलिपि,

ङ) नेपाल सरकार/प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र ब्लु बुकको प्रतिलिपि,

च) तिनपांग्रे सवारीको साधन खरिद गरेको बिल विजक ( सम्भव भएसम्म)

छ) दफा १५ बमोजिमको कम्पनीको सिफारिस पत्र

(३) उल्लेखित विवरण र कागजात सहित पर्न आएका निवेदन माथि १५ दिन भित्र दफा १२ को व्यवस्थापनसमितिबाट आवश्यक छानबिन गरी सिफारिस भई आएका तिनपांग्रे सवारीका साधनलाई मात्र कार्यालयले सूचीकृत गर्नेछ ।

(४) यस कार्यविधि बमोजिम सूचीकृत भई सञ्चालनमा रहेका साधनहरु नामसारी गर्नुपरेमा नामसारी गर्नेको सम्पूर्ण विवरण खुलाई निवेदन दिन सकिनेछ । व्यवस्थापन समितिबाट नामसारी गर्न सिफरिस भई आएमा नामसारी गरि अनुसूची ३ को अभिलेखमा चढाउनु पर्नेछ ।

९. **सवारी चालकले अनुमति पत्र लिएको हुनुपर्ने :** नगर क्षेत्रभित्र सञ्चालन हुने तिनपांग्रे सवारीका साधनचालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनुपर्नेछ ।

## परिच्छेद-३

## रुट तथा संख्या निर्धारण सम्बन्धी

**१०. रुट निर्धारणः** (१) यस कार्यविधि बमोजिम सूचीकृत भई सञ्चालन हुने तिनपांग्रे सवारीका साधनहरु सञ्चालन गरिने रुटको निर्धारण दफा १२ को व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले सञ्चालन तथा रुट अनुमति पत्र साथमा राख्नुपर्नेछ।

(३) प्रत्येक सवारीधनीले सञ्चालन तथा रुट अनुमति पत्र लिएको हुनुपर्नेछ।

(४) नगर कार्यपालिका कार्यालयले आवश्यकतानुसार सवारी सञ्चालन रुट परिर्वतन गर्न सक्नेछ।

**११. आलोपालो तोक्न सक्नेः** (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको तिनपांग्रे सवारीका साधनको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगर कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा आलोपालो प्रणालीबाट सञ्चालन गर्नेगरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-४

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१२. तिनपांग्रे सवारीका साधन संचालन तथा व्यवस्थापन समितिः** (१) नगर क्षेत्रमा सञ्चालन हुने तिनपांग्रे सवारीका साधनको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धि कार्यमा

सहजिकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गरिनेछ ।

क. नगर उप-प्रमुख - संयोजक

ख. कार्यपालिकाले तोकेको १ जना महिला सहित कार्यपालिका सदस्य २ जना - सदस्य

ग. यस कार्यविधि बमोजिम सञ्चालनमा रहेका सवारीव्यवसायी मध्येबाट १ जना - सदस्य

घ. राजश्व शाखा हेर्ने अधिकृत तहको कर्मचारी १ जना -सदस्य सचिव

(२) व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. तिनपांग्रे सवारीका साधनको संख्या तोक्ने, रुट निर्धारण गर्ने, भाडा निर्धारण गर्ने र सूचीबाट हटाउने तथा रुटअनुमति खारेजी गर्ने जस्ता कार्यमा आवश्यक सहजिकरण एवं सिफारिसगर्ने ।

ख. सम्बद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसंग समन्वय गर्ने ।

ग. भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

घ. आवश्यकता र औचित्य हेरीभाडा दरमा पुनरावलोकन गर्ने ।

ङ. सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र खारेजीको सिफारिस गर्ने ।

च. नगर क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी तिनपांग्रे

सवारीका साधनको संख्या थपघट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. बीमा गर्नुपर्ने**: सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

**१४. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तहरु** : यस कार्यविधिमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्तहरु पालन गर्नुपर्नेछ ।

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सवैले देख्ने गरी राख्नुपर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनुपर्नेछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइनेछैन ।

(घ) पूर्व पश्चिम लोकमार्गमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(ङ) सूचीकृत  नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइनेछैन ।

(च) सवारी चालकले पहिचानको लागि अनिवार्य रुपमा सुन्तला रंगको सफा हाफ ज्याकेट लगाउनु पर्नेछ ।

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइनेछैन ।

(ज) यात्रुसंग मर्यादित व्यवहार गर्नुपर्नेछ ।

## परिच्छेद-५

## कम्पनीमा आवद्धता सम्बन्धि व्यवस्था

**१५. कम्पनीमा आवद्धता भएको हुनुपर्नेः** (१) यस कार्यविधि बमोजिम सवारी साधन सूचीकृत भई सञ्चालन अनुमति लिनका लागि तिनपाङ्गे सवारी साधनहरु सञ्चालन, नियमन लगायत पेशागत हकहित संरक्षणको उद्देश्य राखी दर्ता भएका कुनै एक कम्पनीमा आवद्धता भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कम्पनीहरु कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई यस नगरपालिकामा सूचीकृत भई व्यवसाय दर्ता एवं नविकरण गरेको हुनुपर्नेछ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि कम्तिमा ३० जना स्वरोजगारहरु सदस्य नभएका कम्पनीलाई यस कार्यविधि बमोजिम सूचीकृत गरिने छैन ।

**१६. कम्पनीको काम कर्तव्य र अधिकार :** (१) दफा १६ बमोजिमको कम्पनीहरुले नगरपालिका र व्यवस्थापन समितिको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए बाहेक देहायका कार्यहरु गर्नु पर्नेछ ।

क. स्वरोजगारहरुको सवारी साधनको सूची दर्ता तथा सञ्चालन अनुमतिलिन तथा नवीकरण गर्नका लागि व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

ख. खण्ड (क) बमोजिमको सिफारिस गर्दा सम्बन्धित सवारी साधनको वीमा, यात्रु वीमा, चालकको वीमा, तेस्रोपक्ष वीमा गरे नगरेको र गरेको भए नवीकरण गरे नगरेको हेरी अद्यावधिक गराएर यान्त्रिक अवस्था ठिक भएका साधनको मात्र सिफारिस गर्ने,

ग. समय समयमा सवारीका साधनको यान्त्रिक निरीक्षण गरि/गराई सञ्चालनका लागि ठिक हालतमा राख्न लगाउने ।

घ. दफा १४ का शर्तहरु पालना गरे नगरेको अनुगमन गर्ने, पालना गराउने ।

ङ. सवारी साधनको पालो प्रणाली तोकी पालो आएपछि मात्र सवारी उठाउन जाने र फर्कि आए पछि पालो पर्खिने प्रणाली लागु गर्ने गराउने,

च. तोकिएको भाडादरपालना नभएको, तोकिएको स्थानमा पार्किङ्ग गरेन गरेको, अनुमति लिएको रुटमा सञ्चालन गरेनगरेको, साधन राम्रो हालतमा रहे नरहेको सम्बन्धमा आवश्यक अनुगमन एवं नियमन गर्ने गराउने ।

छ. सवारी धनी तथा चालकको पेशागत सुरक्षा तथा हकहित लागि विभिन्न स्थानीय तहहरु, कार्यालयहरु, संघसंस्थाहरुसंग आवश्यक समन्वय गर्ने ।

ज. नयाँ रुटहरु पहिचान गरि सवारी सञ्चालनका लागि व्यवस्थापन समिति समक्ष सिफरिस गर्ने ।

झ. सैनामैना नगरपालिकाले तिनपांग्रे सवारी सञ्चालन सम्बन्धमा दिएका आवश्यक निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(२) कम्पनीले सवारी साधन सुचीकृत गर्नका लागि व्यवस्थापन समिति समक्ष सिफारिस गर्दा एक स्वरोजगार एक साधनको हिसाबले मात्र सिफारिस गर्नुपर्नेछ । एक स्वरोजगारको एक भन्दा बढी साधन वा व्यवसायिक हिसाबले सञ्चालन गर्ने व्यक्ति वा कम्पनीका साधन कुनै पनि साधन सिफारिस गर्न पाईनेछैन ।

(२) कम्पनीमा आवद्ध हुन लाग्ने शुल्क तथा दस्तूर बढी भएको कारणले गुनासो आएमा नगरपालिकाले यस सम्बन्धमा सम्बन्धित कम्पनीलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु कम्पनीहरुको कर्तव्य हुनेछ ।

(३) कम्पनीको उद्देश्यको अनुरुप तोकिएको कार्य नगर्ने, उपनियम (१) बमोजिमको कार्य नगर्ने र उपनियम (२) बमोजिमको नगरपालिकाको निर्देशन पालना नगर्ने कम्पनीलाई नगरपालिकाले सचेत गराउनेछ । यस्तो कार्य पुनः दोहोरिएमा कार्यालयले यस्ता कम्पनीको सूचीबाट नाम हटाउन समेत सक्नेछ । सूचीबाट नाम हटाईएका कम्पनीमा आवद्ध रहेका सवारी साधनले अर्को कुनै एक कम्पनीमा आवद्ध हुनुपर्नेछ । अन्यथा यस्ता साधनको समेत सूची रद्ध गरि सञ्चालन अनुमति समेत खारेज गरिनेछ ।

**१७. पार्किङ्ग:** (१) पार्किङ्ग स्थलको उपलब्धता, यात्रुको सहजता र ट्राफिक व्यवस्थापन जस्ता विषयलाई दृष्टिगत गर्दै व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले पार्किङ्ग स्थल तोक्न सक्नेछ ।

(२) अर्को व्यवस्था नहुञ्जेल सम्म हाललाई प्रयोग गरिदै आएको स्थानलाई नै पार्किङ्ग स्थलको रुपमा प्रयोग गर्न सकिनेछ ।

(३) पार्किङ्गको अन्य वैकल्पिक व्यवस्था भएपछि स्वत: तोकिएको स्थानमा पार्किङ्ग गर्नु गराउनु व्यवसायीको कर्तव्य हुने

(४) सैनामैना नगरप्रहरी र सम्बद्ध कम्पनीले पार्किङ्गलाई सुव्यवस्थित बनाउन मदत गर्नेछन् ।

## परिच्छेद-६

## दण्ड जरिवानासम्बन्धी

**१८. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि विपरित हुनेगरि अर्थात सवारी साधन सूचीकरण नगरी वा सञ्चालन तथा रुट अनुमति नलिई वा नवीकरण नगरी वा अनुमति दिईएको भन्दा फरक रुटमा र तोकिएको सिट क्षमता भन्दा बढी यात्रु बोकीतिनपांग्रे सवारीका साधनसंचालन गरे गराएको पाईएमा वासवारी चालक अनुमति/(लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेको पाईएमा वा दफा १६ बमोजिमको शर्त उल्लंघन गरेको पाईएमा व्यवस्थापन समितिले देहाय बमोजिमको जरिवाना गर्नेछ ।

क) पहिलो पटक भएमा रु.५००।- जरिवाना दोस्रो पटक सोही कसूर गरेमा रु.१०००।- तेश्रो पटक सोही कसूर गरेमा रु.२०००।- जरिवाना हुनेछ ।

ख) तिन पटक भन्दा बढी पटक पटक सोही कसूर गरेमा दर्ता सूचीबाट हटाई सञ्चालन तथा रुट अनुमति खारेज हुनेछ ।

## परिच्छेद-७

## विविध

**१९. विविधः** (१) यस कार्यविधि बमोजिम यस नगरपालिकामा सूचीकृत भई संचालन तथा रुट अनुमति प्राप्त गरेका तिनपांग्रे सवारीका साधनहरु व्यवसायका साधन नभै स्वरोजगारको माध्यम मात्र भएको हुँदासोही अवधारणा अनुरुप देहाय बमोजिम प्राथमिकता क्रम तोकी सुचीकृत गरि संचालन तथा रुट अनुमति दिईनेछ ।

क) कम्तिमा एक घर एक व्यक्ति स्वरोजगारहुने किसिमको पहिलो प्राथमिकता,

ख) आफ्नै साधन नभएको तर चलाउन सक्ने सीप र चालक अनुमति पत्र भएको भए समितिले आवश्यक छानबिन र जाँचबुझ गरि सिफारिस भई आएमा दोस्रो प्राथमिकता, गएकाघरको सदस्य भई आ-आफ्नो साधन र चालक अनुमति पत्र भएको भईदुवै जना स्वरोजगार हुन चाहेमा तेस्रो प्राथमिकता,

(२) उपदफा (१) बमोजिम प्राथमिकता तोक्दा दफा ७ बमोजिमको प्राथमिकतालाई समेत आधार लिईनेछ ।

(३) यस कार्यविधि बमोजिम यस नगरपालिकामा सूचीकृत भई संचालन तथा रुट अनुमति प्राप्त गरेका सवारी साधनहरुले सञ्चालन तथा रुट अनुमति प्राप्त गरेको मितिले प्रचलित कानूनले तोके बमोजिमको अवधि सम्म मात्र अनुमति नवीकरण गर्न सकिनेछ । सो अवधि पछि उक्त सवारी साधन धनी स्वंयले हटाउनु पर्नेछ । त्यसरी नहटाएमा उक्त साधनलाई सूचीबाट हटाई सञ्चालन तथा रुट अनुमति समेत खारेज गरिनेछ । तर यसै कार्यविधि बमोजिमको प्राविधिक जाचँबाट संचालन योग्य नदेखिएमा जुनसुकै बेला पनि स्वतः सूचीबाट हटाई सञ्चालन तथा रुट अनुमति खारेज गर्न बाधा पर्नेछैन ।

(४) उपदफा १ बमोजिम खारेज भएको सूची नं. मा सोही सवारी धनीलाई कायम गर्ने वा नगर्ने विषयमा व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२०. **व्याख्या एवं संशोधन**यो कार्यविधिको व्याख्या गर्ने आवश्यक थपघट वा संशोधन गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

२१. **खारेजी तथा बचाउ** सैनामैना नगरपालिकाको अटोरिक्शा, ई-रिक्शा दर्ता तथा व्यवस्थापन कार्यविधि २०७५ खारेज गरिएको छ । हालसम्म यस सम्बन्धि कुनै कार्य गरेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची १**

सैनामैना नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,

वुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश

सूचनाको नमूना

**तिनपांग्रे सवारीका साधन सुचीकृत गरि सञ्चालन तथा रुट अनुमति लिने सम्बन्धि सार्वजनिक सूचना**

सैनामैना नगरपालिकाको तिनपांग्रे सवारीका साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि २०८१ बमोजिम यस नगरपालिका क्षेत्रभित्र हाल सञ्चालनमा रहेका तिनपाङ्गे सवारीका साधनहरु (ईरिक्शा/टेम्पु) यस नगरपालिकामा सुचीकृत गरि सञ्चालन तथा रुट अनुमति दिनुपर्ने भएको हुँदा देहायका योग्यता पुगेका ईच्छुक व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले २१ दिनको कार्यालय समय भित्र (अन्तिम दिन बिदा परेमा भालिपल्ट) तोकिएको ढाँचामा आवेदन पेश गर्न आव्हान गरिन्छ । आवेदनको नमूना कार्यालयबाट उपलब्ध गराईनेछ ।

**मापदण्ड :**

१. नेपाली नागरिक भई सैनामैना नगरपालिकाको स्थाई बासिन्दालाई प्राथमिकता हुनेछ ।

२. सवारी साधन (ईरिक्शा/टेम्पु) धनी स्यमं चालक भई स्वरोजगार भएको हुनुपर्नेछ ।

३. सवारी साधनको वीमा, चालक वा निजको एकाघरको सदस्यको नाममा विलबुक, र चालकको आफ्नै लाईसेन्स भएको हुनुपर्नेछ ।

४. सञ्चालन अनुमति दिँदा सैनामैना नगरपालिकाको स्थाई बासिन्दा रहेका सर्वप्रथम एकल महिला स्वरोजगार तत्पश्चात महिला र

दलित स्वरोजगार तत्पश्चात एकघर एक रोजगार आधारमा प्राथमिकता दिईनेछ ।

५. साधन यातायात व्यवस्था कार्यालय मा दर्ताभई विलबुक तथा वीमा नवीकरण गरेको हुनुपर्नेछ ।

६. उपरोक्त मापदण्ड पुरा गरेका र हाल सैनामैना नगरक्षेत्रभित्र सञ्चालनमा रहेका र आवद्ध रहेको कम्पनीबाट सिफारिस भई आएका साधनलाई मात्र यस प्रकृयामा समावेस गराईनेछ ।

७. अन्यत्र दर्ता हुन नसकेका, विलबुक नभएका वा वीमा नगरेका वा विलबुक वीमा नवीकरण नगरेकाकुनै कम्पनीमा आवद्धता नभएका, चालकको लाईसेन्स नभएकार बुँदा नं.५ बमोजिमको मापदण्ड पुगेको भएतापनि यान्त्रिक खरावी भएका, च्यासिस नंम्बर स्पष्ट नभएका, थोत्रा तथा विभिन्न प्रचार सामग्री राखिएका साधनलाई सुचीकृत प्रकृयामा समावेस गराईनेछैन ।

**आवश्यक कागज प्रमाणहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. अन्य जिल्ला वा पालिकाको ठेगाना भएको नागरिकता भए सैनामैनामा बसाइ सराइ गरेको प्रमाणपत्रको प्रतिलिपी वा बसोबास गरेको वडाको सिफारिस पत्र

३. चालक वा एकाघरको सदस्यको नाममा रहेको विलबुकको प्रतिलिपी (विलबुक म्याद ननाघेको हुनुपर्नेछ)

४. सवारी चालकको लाईसेन्सको प्रतिलिपी (म्याद ननाघेको हुनुपर्नेछ)

५. आवद्ध रहेको कम्पनीको सिफारिस पत्र

६. सवारी धनीको पासपोर्ट साईजको फोटो २ प्रति

## अनुसूची २

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू                    मिति : ................

सैनामैना नगरपालिका, बुद्धनगर, रुपन्देही

विषय : तिनपांग्रे सवारी साधनसूचीकृत गरि सञ्चालन तथा रुट अनुमति पाऊँ ।

श्रीमान्, म सैनामैना नगरपालिकाको स्थाई / अस्थाई बासिन्दा भई स्वरोजगार व्यक्ति हुँ । तहाँ नगरपालिकाबाट मिति ................ मा प्रकाशन भएको सूचना मेरो / मेरो एकाघरको सदस्यको परिवारको नाममा दर्ता कायम रहेको देहायको विवरण भएको ई-रिक्शा/टेम्पु सूचीकृत गरि सञ्चालन एवं रुट अनुमति पाउनका लागि अनुरोध छ ।

**विवरण**

१. दर्ता गर्न चाहेको सवारी साधन          ई-रिक्शा          टेम्पु

२. सवारी धनीको नाम :- ........................

३. सवारी धनीको स्थाई ठेगाना :- .............

४. सवारी धनीको हालको ठेगाना :- .............

५. सवारी धनीको :-      नागरिकता नं.                    जारी जिल्ला

६. चालकको विवरण :-  आफै              एकाघरको          अन्य

७. सवारी चालकको लाईसेन्सनं................................

८. सवारी साधन बनेको वर्ष                          च्यासिस नं.

९. सवारी साधनको मुख्य रंग...................................

१०. सवारी साधन दर्ता रहेको प्रदेश.............

११. दर्ता नं..................................

१२. सवारी साधन विलबुक........................................ छ/छैन

१३. हाल सैनामैना भित्र सञ्चालनमा रहेको रुट...

१४. आवद्ध रहेको कम्पनीको नाम........................

**संलग्न विवरणहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. अन्य जिल्ला वा पालिकाको ठेगाना भएको नागरिकता भए सैनामैनामा बसाइसराइको प्रमाणपत्र प्रतिलिपी वा बसोबास गरेको वडाको सिफारिस पत्र

३. विलबुकको प्रतिलिपी (विलबुक म्याद ननाघेको हुनुपर्नेछ)

४. सवारी चालकको लाईसेन्सको प्रतिलिपी (म्याद ननाघेको हुनुपर्नेछ)

५. आवद्ध रहेको कम्पनीको सिफारिस पत्र

**नोटः** उल्लेखित विवरणहरु ठिक साँचो हो, झुट्टा ठहरे सहुँला बुझाउँला ।

| वायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको हस्ताक्षर :

**अनुसूची-३**

**सैनामैना नगरपालिका**

नगरकार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश

**तिनपांग्रे सवारीका साधन सुचीकृत गरेको अभिलेख**

| सि.नं. | सुचीकृत मिति | सवारी धनीको नाम ठेगाना | सम्पर्क नं. | सैनामैनामा सुचीकृत नं. | अन्य निकायमा दर्ता भए नं. | आवद्ध रहेको कम्पनी | ईन्धन विद्युत/ पेट्रोलियम | च्यासिस नं. | ईन्जिन नं. | सवारीको मोडल | बनेको साल | सञ्चालन गर्न पाउने रुट | फोटो | सवारी धनीको हस्ताक्षर | दायाँ | बायाँ | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

प्रमाणीकरण मितिः २०८१/१०/२०

आज्ञाले

**जीवन ज्ञवाली**

प्रमुख प्रशासकीय अधिकृत